# विदेश सचिवको नेपाल भ्रमण

## AIDIA ले आयोजना गरेको कार्यक्रममा विदेश सचिव हर्षवर्द्धन श्रृंगलाको सम्बोधन, गोरखा र मनाङ् जिल्लामा भारतीय सहयोगमा निर्माण सम्पन्न भएका चार विकास परियोजनाहरुको उद्घाटन

नेपालको औपचारिक भ्रमणको दोस्रो तथा अन्तिम दिन भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगलाले काठमाडौंस्थित Asian Institute of Diplomacy and International Affairs (AIDIA) ले आयोजना गरेको एक कार्यक्रममा भारत-नेपाल सम्बन्ध बारे प्रमुख नागरिक सामाजको सानो भेलालाई सम्बोधन गर्नुभयो । सम्बोधनको क्रममा उहाँले दुई देशबीचको सम्बन्धको बहु-आयामिक शक्ति तथा यसलाई अगाडि बढाउने अवधारणाको बारेमा चर्चा गर्नुभयो । सम्बोधनको पूर्ण पाठ https://rb.gy/mq5wnw मा उपलब्ध छ ।

२. विदेश सचिव हर्षवर्द्धन श्रृंगलाले दिउँसो गोरखाको भ्रमण गर्नुभयो र भारतीय पुनर्निर्माण सहयोगमा निर्माण भएका तीनवटा विद्यालय श्री महालक्ष्मी, श्री रत्नलक्ष्मी र श्री तारा माध्यमिक विद्यालयको नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव श्री रामकृष्ण सापकोटाको उपस्थितिमा संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

३. यी तीन विद्यालयमा करिब १६०० विद्यार्थीहरु अध्ययनरत छन् जो अब नवनिर्मित भूकम्प प्रतिरोधात्मक भवनमा अध्ययन गर्न पाउँनेछन् । यी तीन विद्यालयहरु शिक्षाको क्षेत्रमा पुनर्निर्माणका लागि भारत सरकारको ५० मिलियन अमेरिकी डलरका आर्थिक सहयोग अन्तर्गत नौ जिल्लामा निर्माण भइरहेका ७१ वटा शैक्षिक संस्था अन्तर्गत पर्दछन् । परियोजनाबाट लाभान्वित हुने नौवटा जिल्लाहरु गोरखा, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, धादिङ्ग र काठमाडौं हुन् ।

४. देश र त्यहाँको जनताको भविष्यका लागि असल शिक्षा सबैभन्दा सर्वोत्तम लगानी हो भनी कार्यक्रममा भारतीय विदेश सचिव श्रृंगलाले बताउनुभयो । उच्च प्रभाव समुदाय विकास परियोजना (High Impact Community Development Project) योजना अन्तर्गत नेपाल सरकारले यस क्षेत्रमा गरेको प्रयासहरुलाई सघाउन भारत सरकारले सन् २००३ देखि नेपालभर करिब २७० शैक्षिक संस्था निर्माण गरिसकेको छ । विदेश सचिव श्रृंगलाले भारत सरकारले प्रदान गर्ने ३००० भन्दा बढी छात्रवृत्तिको फाइदा लिन साथै आफ्नो देशको विकासमा योगदान पुर्‍याउन र भारत–नेपाल साझेदारीलाई अझ मजबुत बनाउन नेपाली विद्यार्थीलाई प्रोत्साहन गर्नुभयो ।

५. नेपालमा भूकम्पपछिको पुनर्निर्माण सहायता कार्यक्रम अन्तर्गत गोरखा र नुवाकोट जिल्लामा ४६,५०० भन्दा बढी घर लाभग्राहीलाई हस्तान्तरण गरी भारत सरकारले आवास क्षेत्रमा गरेको प्रतिवद्धतालाई पूरा गरेको छ । यसका साथै ५० मिलियन अमेरिकी डलर अनुदानमा नेपालका १० जिल्लामा १४७ वटा स्वास्थ्य चौकी तथा अस्पताल र अर्को ५० मिलियन अमेरिकी डलर अनुदान सहयोगमा ८ जिल्लामा २८ वटा सांस्कृतिक सम्पदा स्थलहरुको पुनर्निर्माणका लागि भारतले नेपाल सरकारसँग मिलेर काम गरिरहेको छ ।

६. स्वदेश फर्कनु अघिको अन्तिम कार्यक्रम अन्तर्गत, विदेश सचिव हर्षवर्द्धन श्रृंगलाले मनाङ जिल्लाको श्रीखर्क गाँउमा निर्मित टाशोप (तारे) गोम्पा गुम्बाको भर्चुअल माध्यमद्वारा उद्घाटन गर्नुभयो । सो गुम्बाको निर्माण दुई देशबीचको विविध द्विपक्षीय विकास एवम् सांस्कृतिक सहकार्यको द्योतकको रुपमा रहेको छ । उक्त उद्घाटन समारोहमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइराला, नेपाल बौद्ध महासंघका अध्यक्ष रेभ. आचार्य लामा नोर्बु शेर्पा लगायत खाङसार सेवा समितिका प्रतिनिधिको सहभागिता थियो । उहाँले मनाङ् जिल्लामा प्राचीन गुम्बाको

पुनर्स्थापना र यस हिमाली भेगको बौद्ध सम्पदालाई संरक्षण गर्न भारत सरकारले खेलेको भूमिकाको सराहना गर्नुभयो । खाङसार गाउँका स्थानीय र सम्बन्धित निकायको अनुरोधमा भारत सरकारको अनुदानमा उच्च प्रभाव समुदाय विकास परियोजना (High Impact Community Development Project) अन्तर्गत उक्त गुम्बाको पुनर्स्थापना गरिएको हो ।

७. आफ्नो दुई दिने औपचारिक भ्रमण सम्पन्न गरी विदेश सचिव हर्षवर्द्धन श्रृंगला आज बेलुकी नयाँ दिल्ली फर्कनुभयो ।

****

२०७७ मंसिर १२

काठमाडौं